# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, कात्तिक २४ गते २०४३ साल (अतिरिक्ताङ्क ३१(क)

## भाग २

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४३ सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## मुलुकी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: मुलुकी ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

899

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "मुलुकी (नवौं संशोधन) ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मुलुकी ऐन अदालती बन्दोवस्तको महलमा संशोधनः मुलुकी ऐन (यस पछि "मूल ऐन" भनिएको) को अदालती बन्दोबस्तको महलको,–

(१) १० नम्बरको सट्टा देहायको १० नम्बर राखिएको छः–

"१० नं.।। ।। प्रचलित कानूनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको मुद्दामा श्री ५ को सरकारलाई वादी कायम गरी मुद्दाको कारबाई गरिनेछ । सो वाहेक मुद्दाको विषय वा प्रकृतिबाट श्री ५ को सरकारको वा सार्वजनिक हित वा सरोकार निहित रहेको मुद्दा श्री ५ को सरकारले वा अड्डाको अनुमति लिई सर्वसाधारण जो सुकैले पनि वादी भै चलाउन सक्नेछ । अनुमतिका लागि निवेदन दिंदा फिरादपत्र साथै दिनु पर्छ । त्यसरी फिरादपत्र साथै अनुमतिको निवेदन परेमा उसै दिन अनुमतिको निवेदनमा निर्णय गरी दिनु पर्छ । अनुमति नदिएमा पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सक्नेछ ।"

(२) २९ नम्बरको दफा ६ को अन्त्यमा रहेको "बाटाको म्यादको दिन बांकी नभै नालिश दर्ता भएको भए सो मिसिलबाट कारबाई हुन सक्तैन खारिज गरी दिनु पर्छ। सो लेखिएको पांच रूपैयां बाहेक खारिज भए बापत सजाय गर्नु पर्दैन" भन्ने वाक्यांश झिकिएको छ ।

(३) ४५ नम्बरमा रहेको "अड्डा खुलेको दिनमा" भन्ने शब्दहरूको सट्टा "तातिलपछि अड्डा खुलेको पहिलो दिनमा" भन्ने शब्दहरू राखिएका छन् ।

(४) ५९ नम्बरको सट्टा देहायको ५९ नम्बर राखिएको छः–

"५९ नं.।। ।। कुनै मुद्दामा आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा म्याद तारिख गुज्रेमा एकै पटक वा तीन पटकसम्म गरी बढीमा ३० दिन सम्मको गुज्रेको म्याद



४९२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तारीख थामिन सक्तछ । यस महलको १४ र १९८ नम्बर बमोजिमको म्यादभित्र मुद्दा फैसला नभै तारिख गुज्रे-कोमा फेरि तीन पटकसम्म गरी ६० दिनसम्मको गुज्रेको तारिख मुद्दा सुन्ने अड्डाले थामी दिन सक्नेछ । तर यसै महलको ६२ नम्बर र १७५ नम्बरमा लेखिए जतिमा सोही बमोजिम हुनेछ ।"

(५) ६० नम्बरको सट्टा देहायको ६० नम्बर राखिएको छः—

"६० नं. ।। ।। मुद्दा दायर गरी तारिख लिई सकेपछि तारिख गुजारेकोमा पटक कायम गर्दा म्याद थमाएको पटकको हिसाव गरी पटक कायम गर्न हुँदैन, तारिख लिई गुजारेको मितिदेखि मात्र पटकको हिसाब गरी कायम गर्नुपर्छ ।"

(६) ८० नम्बरको सट्टा देहायको ८० नम्बर राखिएको छः—

"८० नं. ।। ।। अड्डामा परिरहेको फौजदारी मुद्दामा प्रतिवादीका लेखबाट उठेको ऐनले देवानी कायम हुने मुद्दा वा देवानी मुद्दामा प्रतिवादीका लेखबाट उठेको ऐनले फौज्दारी कायम हुने मुद्दा सो फौज्दारी वा देवानी मुद्दा हेर्ने अड्डाले नै त्यसै मिसिलबाट ठाडो बयान लिई यसै महलको ७८ नम्बर समेतको कानूनबमोजिम कारबाई किनारा गर्नुपर्छ । तर कुनै ऐनबमोजिम तोकिएको वा सुम्पिएको मुद्दा मात्र हेर्ने अड्डाले सोही ऐनबमोजिम सो मुद्दामा मात्र कारबाई किनारा गर्नुपर्छ ।"

(७) ८३ नम्बरको सट्टा देहायको ८३ नम्बर राखिएको छः—

"८३ नं. ।। ।। सोह्र वर्ष नपुगेका नावालक वा उमेर पुगेको भएपनि वृद्धावस्था वा कुनै किसिमको कडा रोगले गर्दा होश ठेगानामा नभएको वा वौलाएको वा दुवै आँखा नदेख्ने अन्धा अन्धी वा बक्क लाटा लाटी मानिसहरूको र विदेशमा गई फर्की आउने ठेगाना नभएका मानिसको हक पुग्ने जुनसुकै कुरामा नालिश, प्रतिउत्तर, पुनरावेदन, निवेदन दिन वा मुद्दा मामिलासम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्य कुनै काम कारबाई गर्नुपर्ने भएमा अड्डाको अनुमति लिई ती मानिसहरूको एकाघरसंग बसेका सोह्र वर्ष नाघेको हकवालाले हदम्यादभित्र गर्न पाउनेछ — — १

माथि दफा १ मा लेखिएबमोजिम एकाघरका हकवाला नभएमा सोही दफामा लेखिएको व्यक्तिको हकमा निज-लाई देखरेख वा संरक्षण गर्ने व्यक्तिले अड्डाको अनुमति लिई सो व्यक्तिको तर्फबाट नालिश, प्रतिउत्तर, पुनरावेदन, निवेदन दिन वा मुद्दा मामिलासम्बन्धी अन्य कुनै काम कारबाई गर्न पाउनेछ — — — २

माथि १ र २ दफामा लेखिएको अवस्थामा त्यस्तो कारण परेको हो होइन पहिले त्यसको सबूद बुझी हो रहेछ भने वारिस अख्त्यारनामा नभए पनि सो देखरेख गर्ने व्यक्ति, संरक्षक वा हकवालाले सो व्यक्तिको तर्फबाट सो दफाहरूमा लेखिएबमोजिम मुद्दा मामिलासम्बन्धी काम कारवाई गर्न हुन्छ — — — — ३

माथि १ र २ दफाबमोजिम अनुमतिका लागि निवेदन परेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि जो बुझ्नु पर्ने कुरा बुझी अनुमतिको लागि निवेदन परेको एक महीनाभित्र निवेदनमा निर्णय गरी दिनु पर्छ। त्यस्तोमा हदम्याद लाग्ने छैन — ४"

(८) ६४ नम्बरको सट्टा देहायको ६४ नम्बर राखिएको छ:—

"६४ नं. ॥ ॥ मुद्दा हेर्ने अड्डाले राजगद्दी वा राजपरिवारको गाथसम्बन्धी मुद्दा, मृत्युदण्ड वा कैदको सजाय हुने राजकाजसम्बन्धी मुद्दा, कर्तव्य ज्यान, ज्यान मार्नेको उद्योग, डाँका, गोवध, स्वदेशी वा विदेशी मुद्रा खोटो टक मारेको वा छापेको र त्यस्तो खोटो मुद्रा चलन गरेको वा गर्न उद्योग गरेको मुद्दा, जवर्जस्ती



६९८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

करणीको महलअन्तर्गत सजाय हुने मुद्दा, जिउ मास्ने बेच्नेको वा सोसम्बन्धी मुद्दा, लागू औषधसम्बन्धी मुद्दा, राष्ट्र सेवकले नगद वा जिन्सी मसौट गरेको मुद्दा, सरकारी सम्पत्ति रहेको घरमा आगो लगाएको मुद्दामा अभियुक्तलाई गिरफ्तार गर्न सकेसम्मको हुलियासमेत खुलाई अभियुक्त रहे बसेको इलाकाको प्रहरी कार्यालय वा प्रहरी कर्मचारीका नाउँमा यसै महलको ९८ नम्बरको नमुनाबमोजिमको वारेण्ट दुई प्रति र सात दिनसम्म तदारूखसाथ खोजतलाश गर्दा पनि अभियुक्त गिरफ्तार हुन नसके तामेल गर्न यसै महलको ९९ नम्बरबमोजिम सत्तरी दिने म्यादी पुर्जीसमेत लेखी पठाई सो सात दिनको म्याद नाघेपछि उक्त म्यादी पूर्जी जारी भएको व्यहोरा अड्डाको सूचना पाटीमा र यथासंभव कुनै स्थानीय पत्र-पत्रिकामा समेत प्रकाशित गर्नुपर्छ । प्रहरी कार्यालय वा कर्मचारीले पनि वारेण्ट पाएपछि सो बदर वा तामेल नभएसम्म तदारूखसाथ अभियुक्तलाई खोजतलाश गरी पक्री बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र वारेण्ट जारी गर्ने अड्डामा दाखिल गराउनु पर्छ । अभियुक्त अन्य इलाकामा गई बसेको पत्ता लागे त्यस्तो प्रहरी कार्यालय वा कर्मचारीले आफ्नो नाउँको वारेण्ट अभियुक्त गई बसेको इलाकाको प्रहरी कार्यालय वा कर्मचारीको नाममा पठाई वारेण्ट जारी गर्ने अड्डालाई सूचना गर्नु पर्छ । त्यसरी आएकोमा प्रहरी कार्यालय वा कर्मचारीले आफ्नो नाउँमा आदेश भएसरह तामेल गर्नु गराउनु पर्छ । सो बाहेक फौज्दारी मुद्दामा समाह्वान र देवानी मुद्दामा इतलायनामा बाटाको म्याद बाहेक तीस दिनको म्याद दिई जारी गर्नु पर्छ र सो समाह्वान इतलायनामा यसै महलको १०४ नम्बरको नमूनाबमोजिम हुनु पर्छ ।"



४९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) १०८ नम्बरको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:–

"तर पुर्पक्षको निमित्त थुनामा रहेको अभियुक्तले पेश गर्नु पर्ने साक्षीका हकमा दस्तूर दाखिल गर्न असमर्थता देखाएमा त्यस्तो दस्तूर दाखिल नगरेपनि अड्डाले समाह्वान, इतलायनामा जारी गरी साक्षी बुझ्न पर्छ।"

(१०) ११० नम्बरको दफा ३ पछि देहायको दफा ३क थपिएको छ:–

"माथि दफा १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी कार्यालय, संगठित संस्था कुनै तहको पंचायत वा वर्गीय संगठनको नाममा वा त्यस्तो कार्यालय, संस्था, पंचायत वा संगठनमा काम गर्ने कर्मचारीको नाममा समाह्वान, इतलायनामा, म्याद सूचना तामेल गर्नु पर्दा रजिष्टरी गरी हुलाकद्वारा तामेल गर्न हुन्छ। त्यसरी हुलाकद्वारा पठाएकोमा त्यसको पहुंच रसीद अड्डामा दाखिल भएपछि सो समाह्वान इतलायनामा, म्याद वा सूचना अन्यथा प्रमाणित नभएसम्म रीतपूर्वक तामेल भएको मानिनेछ – – ३क."

(११) ११८ नम्बरको सट्टा देहायको ११८ नम्बर राखिएको छ:–

"११८ नं. ।। देहायका मुद्दाका मानिसलाई देहायमा लेखिएबमोजिम गरी राखी मुद्दा हेर्नुपर्छ –

राजगद्दी वा राजपरिवारको गाथसम्बन्धी मुद्दामा अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ – – १

देहायको कुनै अपराधमा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा त्यस्तो प्रमाणबाट कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अन्यथा प्रमाणित नभएसम्म अड्डाले अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्छ – – – – –२



४९६ ५५४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मृत्युदण्ड वा जन्म कैदको सजाय हुन सक्ने अपराध – १
श्री ५ को सरकार वादी भै चलेको तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराध – – १
माथि उल्लिखित अपराधको उद्योग, दुरुत्साहन वा अपराधिक षड्यन्त्र गरेको वा त्यस्तो अपराधमा मतियार भएको अपराध – – – – – – १
नेपाल अधिराज्यमा स्थायी बसोबास नभएका कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट छ महीना वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराधको कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अड्डाले निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्छ – ३
माथि २ र ३ दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्त नाबालक वा शारीरिक वा मानसिक रोग लागेको कारणबाट थुनामा राख्नु अनुपयुक्त हुने भनी अड्डाले ठह्र्याएको व्यक्ति रहेछ भने अड्डाले धरौट वा जमानत लिई निजलाई थुनामा नराखे पनि हुन्छ। अपराध हुँदाको परिस्थिति, अभियुक्तको उमेर, निजको शारीरिक वा मानसिक अवस्था र पहिलेको आचरणलाई विचार गर्दा कुनै अभियुक्तलाई थुनामा राख्न उपयुक्त नदेखिएमा, मृत्युदण्ड वा जन्मकैदको सजाय हुन सक्ने अपराध गरेको वा सो अपराधको उद्योग, दुरुत्साहन वा आपराधिक षड्यन्त्र गरेको वा त्यस्तो अपराधमा मतियार भएको अभियोग लागेको अभियुक्त बाहेक, त्यस्तो अभियुक्तसंग अदालतले धरौट वा जमानत लिई निजलाई थुनामा नराखे पनि हुन्छ – – ४
माथि २ वा ३ दफाबमोजिम हुनेमा बाहेक तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्त कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अड्डाले



496 707

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजसंग धरौट वा जमानत लिई मुद्दाको पुर्पक्ष गर्नु पर्छ — — — — — — ५

पुर्पक्षको लागि थुनामा वा जमानत वा धरौटीमा नरहेको अभियुक्त पछि प्राप्त प्रमाणबाट कसूरदार हो भन्ने विश्वास गर्ने आधार भएमा मुद्दाको कारबाई जुनसुकै अवस्थामा पुगेको भए पनि अड्डाले माथि दफा २, ३ वा ५ बमोजिम अभियुक्तलाई अवस्थानुसार थुनामा राख्न वा निजसंग धरौट वा जमानत माग्न हुन्छ। शुरूमा अभियुक्तलाई थुनामा नराखेको वा निजसंग धरौट वा जमानत नलिएको कारणले मात्र पछि निजलाई सोबमोजिम थुनामा राख्न वा निजसंग धरौट वा जमानत माग्न अड्डालाई बाधा पारेको मानिने छैन — — ६

यस नम्बरको दफा २, ३, ८ वा ९ बमोजिम थुनामा परेको कुन अभियुक्त पछि प्राप्त प्रमाणबाट कसूरदार होइन भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा मुद्दाको कारबाई जुनसुकै अवस्थामा पुगेको भए पनि अड्डाले निजलाई थुनाबाट छाड्न सक्नेछ — — — ७

यो नम्बरबमोजिम अड्डाले मागेको धरौट वा जमानत नदिने अभियुक्तलाई अड्डाले थुनामा राखी मुद्दाको कारबाई गर्नेछ — — — — — — ८

कुनै अभियुक्तसंग लिएको धरौट वा जमानत पछि अपर्याप्त देखिन आएमा अड्डाले निजसंग थप धरौट वा जमानत माग्न र निजले सोबमोजिम थप धरौट वा जमानत नदिएमा निजलाई थुनामा राख्न सक्नेछ — — — — — — ९

माथि दफा दफाबमोजिम लिनु पर्ने धरौट वा जमानतको अंक तोक्दा देहायका कुराहरूको विचार गरी तोक्नु पर्नेछ — — — — — — १०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अपराधको प्रकृति — — — — — १
अभियुक्त वा कसूरदारको आर्थिक अवस्था एवं पारिवारिक स्थिति — — — — — — १
निजको उमेर र पहिले कुनै अपराधको कसूरदार ठहरी सजाय पाएको छ वा छैन भन्ने कुरा — — १
व्यहोर्नु पर्ने क्षतिपूर्ति — — — — १
माथि दफा दफाबमोजिम कुनै व्यक्तिसंग मागिएको धरौट वा जमानत चर्को वा अपर्याप्त भयो भन्ने कुनै मनासिब कारण देखाई मुद्दाको कुनै पक्षले निवेदन दिएमा पुनरावेदन सुन्ने अड्डाले सो धरौट वा जमानतको अंक घटाउन वा बढाउन सक्नेछ — — — — ११"

(१२) ११६ नम्बरको सट्टा देहायको ११६ नम्बर राखिएको छः—

"११६ नं. ।। ।। यस महलमा यस अघि जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्तलाई कुनै हालतमा पनि निज उपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधि भन्दा बढी अवधिसम्म थुनामा राखिने छैन ।"

(१३) १२१ नम्बरको सट्टा देहायको १२१ नम्बर राखिएको छः—

"१२१ नं. ।। ।। मुद्दाको सम्बन्धमा जुनसुकै व्यहोराले थुनामा राख्दा यस्तो अभियोगमा यस कानूनको यो नम्बर दफाअनुसार थुनामा राखिएको हो भनी सो थुनामा राखिइने व्यक्तिलाई कारण खोली पुर्जि नदिई थुनामा राख्न हुंदैन । सम्बन्धित पक्षको निवेदन नपरे पनि पुनरावेदन सुन्ने अड्डाले थुना गैर कानूनी वा बेरीत हो वा होईन भनी जांचबुझ गर्न र गैरकानूनी वा बेरीत देखिएमा कानूनबमोजिम उपयुक्त आदेश दिन सक्नेछ ।"

(१४) १२३ नम्बरको सट्टा देहायको १२३ नम्बर राखिएको छः—



५९८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१२३ नं. ।। ।। यस महलबमोजिम कारबाईको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तोकिएको तारिखको मितिले एक वर्षभित्र मुद्दाको किनारा नभएमा त्यस्तो अभियुक्तलाई यसै महलको ११८ नम्बरको दफा २ बमोजिम थुनामा राखिएको भए निजसंग धरौट वा जमानत लिई र सोही नम्बरको दफा ८ वा ९ बमोजिम थुनामा राखिएको भए धरौट वा जमानत केही नलिई थुनाबाट छोडी मुद्दाको कारबाई गर्नुपर्छ । तर पाँच वर्ष वा सो भन्दा बढी कैद, मृत्युदण्ड वा जन्म कैदको सजाय हुने कुनै अपराधको अभियोग लागेको कुनै अभियुक्तको सम्बन्धमा यो नम्बरको व्यवस्था लागू हुने छैन र पटके अपराधीलाई अड्डाले मनासिब सम्झेमा थुनामै राखी कारबाई गर्न सक्नेछ ।"

(१५) १२४ नम्बरको सट्टा देहायको १२४ नम्बर राखिएको छः–

"१२४ नं. ।। ।। अड्डाबाट तोकिएको समय र स्थानमा उपस्थित हुनु पर्ने व्यक्ति तोकिएबमोजिम उपस्थित नभएमा तत्सम्बन्धमा राखेको धरौट जफत हुनेछ र जमानत दिएको भए यसै महलको १२४क. नम्बरबमोजिम गराइएको कागज अनुसार जमानतको रकम असूल गर्नुपर्छ । तर त्यस्तो व्यक्तिले आफु उपस्थित हुन नसकेको कुनै मनासिव कारण देखाएमा अड्डाले सोबमोजिम नगर्न पनि सक्नेछ ।"

(१६) १२४ नम्बरपछि देहायका १२४क., १२४ख. र १२४ग. नम्बरहरू थपिएका छन्:–

"१२४क. नं. ।। ।। यसै महलको ११८ नम्बर बमोजिम कुनै व्यक्तिसंग धरौट लिंदा अड्डाबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा धरौट जफत हुने शर्त उल्लेख गरी कागज गराउनु पर्छ



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यसै महलको ११८ नम्बरबमोजिम जमानत लिदा जमानतको अंक तोकी सोबमोजिमको सम्पत्ति जमानत लिनु पर्छ । जमानत दिनु पर्ने व्यक्तिले आफ्नै सम्पत्ति जमानत दिएको भए अड्डाबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा जमानतको रकम सो जमानत रहेको सम्पत्ति वा निजको अरु कुनै सम्पत्तिबाट असूल गर्ने शर्त उल्लेख गरी निजको कागज गराउनु पर्छ। निजको लागि अरु कसैले आफ्नो सम्पत्ति जमानत दिएको भए अड्डाबाट तोकिएको समय र स्थानमा निजलाई उपस्थित नगराएमा जमानतको रकम सो जमानत रहेको सम्पत्ति वा जमानी हुने व्यक्तिको अरु कुनै सम्पत्तिबाट असूल गर्ने शर्त गराई जमानी हुने व्यक्तिको कागज गराउनु पर्छ – – – – – – २

धरौट वा जमानत दिनु पर्ने व्यक्ति नावालक भए माथि दफा १ वा २ बमोजिम गराउनु पर्ने कागज निजको सट्टा निजको संरक्षकबाट गराउनु पर्दछ – – ३

१२४ख. नं. ।। ।। यो ऐन वा अन्य प्रचलित कानूनबमोजिम अन्यथा हुनेमा वाहेक तहकिकातको सिलसिलामा लिएको धरौट वा जमानत तहकिकात सकिएपछि फिर्ता वा फुकुवा गरी दिनु पर्छ । अड्डाले कुनै मुद्दामा कारवाईका लागि लिएको धरौट वा जमानत सो मुद्दाको निर्णय भएपछि फिर्ता वा फुकुवा गरी दिनु पर्छ ।

१२४ग. नं. ।। ।। अड्डाले कुनै अभियुक्तलाई थुनामा राख्दा, थुनामा राखिएको अभियुक्तलाई छाड्दा वा कुनै अभियुक्तसंग धरौट वा जमानत लिंदा कारण सहितको पर्चा खडा गर्नु पर्छ । सो पर्चामा चित्त नबुझनेले पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सक्नेछ । त्यस्तो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निवेदनमा तीस दिनभित्र निर्णय दिई सक्नु पर्छ ।"

(१७) १५८ नम्बरको सट्टा देहायको १५८ नम्बर राखिएकोछ:–

"१५८ नं. ।। ।। बयान बकपत्र गराउंदा कुरा फोरी मुद्दा छुट्याई छोटकरी सवाल गरी सोधिएको सवाल र जबाफ उल्लेख गर्नुपर्छ ।"

(१८) १७२ नम्बरमा रहेका "सब-इन्सपेक्टर" भन्ने शब्दहरूको सट्टा "प्रहरी सहायक-निरीक्षक" भन्ने शब्दहरू राखिएका छन् ।

(१९) १८५ नम्बरको सट्टा देहायको १८५ नम्बर राखिएको छ:–

"१८५ नं. ।। ।। यस महलको १८४क. नम्बर-बमोजिम अड्डाले बुझ्नु पर्ने भनी ठहराएका प्रमाणहरू बुझिसकेपछि अड्डाले मुद्दाको छलफल गर्नालाई तारिख तोकी सो तोकिएको दिनमा हाजिर भएसम्मका झगडिया-लाई राखी झगडियाले कुनै लिखित बहस पेश गरे सो समेत लिई मिसिल सामेल राखी छलफल गरी ठहराई दुबै थरका हकमा जो दिने सजाय समेत सुनाई सो कायम भएको ठहर राय उसै दिन राय लेख्ने किताबमा लेखी निर्णय गर्ने अधिकार प्राप्त व्यक्तिले सहीछाप गर्नु पर्छ र उपस्थित रहेका झगडियाको समेत सहीछाप गराउनु पर्दछ । राय कायम भैसकेपछि मनासिब कारणले बाहेक फैसला लेख्न सात दिन भन्दा बढी ढिला गर्नु हुँदैन । फैसला लेख्दा अड्डाले मुद्दाको संक्षिप्त व्यहोरा, झगडियाहरूका कुरा नमिली इन्साफ गरी ठहराउनु पर्ने कुरा, त्यस सम्वन्धमा कुनै झगडिया वा कानून व्यवसायीले बहस गरेको भए सो बहसको मुख्य मुख्य बुंदाहरू र त्यस सम्बन्धमा अड्डाले निर्णय र त्यसको आधार तथा तत्सम्बन्धी कानूनहरू समेत प्रत्येक कुराहरू प्रकरण छुट्याई छुट्टा छुट्टै उल्लेख गर्नुपर्छ । माथि लेखिएबमोजिमको प्रमाण बुझी सकेपछि उसै दिन मुद्दा



६२२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

किनारा गर्न मुद्दाको जटिलताले गर्दा बढी अध्ययन वा मनन गर्न आवश्यक भएको वा एक भन्दा बढी व्यक्ति भएको निर्णयकर्ताको इजलासबाट मुद्दाको सुनवाई भै परस्परमा छलफल गरी राय कायम गर्न बढी समय आवश्यक भएको कारणले नसकिने भएमा त्यस सम्बन्धमा कारण सहितको पर्चा खडा गरी मुद्दा किनारा गर्ने अर्को तारिख तोक्नु पर्छ । कुनै कारणले मुद्दा किनारा गर्न अनिश्चित कालसम्म अर्को तारिख तोक्न नसकिने भएमा यसै महलको १५ नम्बरबमोजिमको कारवाई समेत गर्नुपर्छ र मुद्दामा प्रमाण बुझ्ने समेतको पूरा गर्नु पर्ने कार्यविधि पूरा भैसकेकोमा पक्षले तारिखमा बस्न नचाहेमा पछि अड्डाबाट सूचना पाएका बखत हाजीर हुने गरी झगडियालाई सूचना दिने ठेगाना समेत उल्लेख गरी कागज गराई तारीख छुटाई दिनु पर्छ ।"

(२०) १८६ नम्बरको सट्टा देहायको १८६ नम्बर राखिएको छः–

"१८६ नं. ।। ।। राजगद्दी उत्तराधिकारी-सम्बन्धी ऐन, २०१५ को दफा १६ बमोजिम श्री ५ महाराजाधिराजबाट तोकिबक्सेको सजाय हुने मुद्दाका हकमा मौसूफका हजूरमा जाहेर गरी सदर गरी बक्से-बमोजिम र मृत्युदण्ड, सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुने ठहराएको वा प्रचलित कानूनबमोजिम साधक जाहेर गर्नु पर्ने मुद्दामा साधक जाहेर गरी अधिकार प्राप्त अड्डाबाट साधक सदर भएबमोजिम गरी र अरू गैह्र मुद्दामा अड्डैबाट कानूनबमोजिम जो गर्नु पर्ने गरी फैसला गर्नुपर्छ ।"

(२१) १८७ नम्बर खारेज गरिएको छ ।

(२२) १९० नम्बरमा रहेको "एक वर्षसम्ममा" भन्ने शब्दहरूको सट्टा "छ महीनासम्ममा" भन्ने शब्दहरू राखिएका छन् ।

(२३) १९४ नम्बरको दफा २ र ३ को सट्टा देहायको दफा २ र ३ राखिएका छन्ः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"पुनरावेदन सुन्ने अड्डाले भए पुनरावेदन गर्ने म्यादसम्मलाई र पुनरावेदन दर्ता भएकोमा किनारा नभएसम्मलाई बढीमा १० बर्षसम्म कैदको सजाय भएकोमा र पुर्पक्षलाई थुनामा बस्नु नपर्ने मुद्दा भएमा वा नबसेको भएमा धरौट वा जमानीमा छाड्न सक्नेछ – – – २

दफा १ र २ बमोजिम धरौटी वा जमानीमा राख्दा शुरू अड्डामा पुर्पक्षको लागि धरौट वा जमानीमा रहेकोमा अड्डाको तजवीजले सो धरौट वा जमानीको बढीमा पच्चीस प्रतिशतसम्म थप धरौट वा जमानी लिनु पर्छ । अन्य अवस्थामा यसै महलको ११८ नम्बरको दफा १० मा लेखिएका कुराहरूको विचार गरी धरौट वा जमानीको अंक तोकी सोबमोजिमको धरौट वा जमानी लिनु पर्छ – ३"

३. मूल ऐन दण्ड सजायको महलमा संशोधन: मूल ऐन दण्ड सजायको महलको,—

(१) ११ नम्बरपछि देहायको ११क. नम्बर थपिएको छ:–

"११क. नं. ।। ।। मुद्दा डिसमिस गराए बापत कैदको सजाय भएकोमा त्यस्तो कैदको एक दिनको सात रूपैयाँका दरले रूपैयाँ बुझाएमा कैद गर्नु पर्दैन । रूपैयाँ बुझाएमा बुझी लिई कैदको लगत कट्टा गरिदिनु पर्छ – – – – – – १

यसै महलको ११ नं. मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्ष भन्दा कम कैदको सजाय हुने कुनै कसूर गर्ने व्यक्तिलाई कैदको सजाय गरी पहिलो पटक कसूरदार ठहरी अड्डाले कैदमा राख्न मनासिब नठहराएमा एक दिनको सात रूपैयाँको दरले हुन आउने रकम तोकी सो तोकिएको रकम बुझाएमा कसूरदारलाई कैदमा नराख्ने गरी अड्डाले फैसला गर्न सक्नेछ । सोबमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कसूरदारले रूपैयाँ बुझाएमा बुझी लिई कैदको लगत कट्टा गरी दिनु पर्छ — — — २

माथि दफा २ बमोजिम कैद बापतको रूपैयाँ बुझाउन पाउने गरी फैसला गर्दा अड्डाले कसूरदारसंग फेरि त्यस प्रकारको कुनै अपराध नगरी राम्रो आचरण पालन गर्नेछु भनी कागज गराउनेछ र सो मितिले तीन वर्ष-भित्र कैदको सजाय हुने कुनै अपराध गरेमा सो कसूर-दारलाई पहिलेको फैसलाबमोजिमको कैद समेत थपी सजाय गरिनेछ र अड्डाले पहिलेको फैसलाबमोजिम कैद बापत बुझाएको रकम फिर्ता गर्ने आदेश दिन सक्नेछ— — — — — — — ३"

(२) २१ नम्बरको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ:—

"क्षतिपूर्ति भराउनु पर्नेमा भराएको क्षतिपूर्तिको रकमको भरी पाउनेबाट दशौंद लिनु पर्छ — —४"

(३) ३८ नम्बरको दफा १ को सट्टा देहायको दफा १ राखिएको छ:—

"कैद वा जरीबाना दुवै सजाय भएकोमा जरीबाना नतिरे बापतको कैद ठेक्नु पर्दा चार बर्ष भन्दा बढी अवधिको कैद ठेक्नु हुंदैन । तर नाबालकलाई जरीबाना नतिरे बापतको कैद ठेक्नु पर्दा उमेर पुगेको व्यक्तिलाई हुने कैदको आधामा नबढ्ने गरी कैद ठेक्नुपर्छ— —१"

(४) ४१ नम्बर पछि देहायका ४१क र ४१ख. नम्बरहरू थपिएका छन्:—

"४१क. नं. । । । । यस महलको अन्य नम्बरहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि जरीबाना वा कैदको सजाय लागेको व्यक्ति अन्तिम फैसला हुँदा अड्डामा उपस्थित भै जरीबाना बुझाउन वा कैदमा बस्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्जूर भएमा वा त्यस्तो सजाय हुने गरी फैसला भएको व्यक्ति फैसला भएको मितिले ६० दिनभित्र फैसला गर्ने वा लगत रहेको अड्डामा हाजिर भै जरीबाना तिर्न वा कैदमा बस्न आफै उपस्थित भएमा निजलाई भएको जरीबाना र कैदको सजायमा २० प्रतिशत मिन्हा दिई बाँकीको मात्र लगत कायम गरी सजाय कार्यान्वित गरिनेछ ।

४१ख. नं. ।। ।। गाउँ पंचायत, नगर पंचायत, जिल्ला पंचायत वा अञ्चलको सीमाना हेरफेर भएमा त्यस्तो हेरफेर भएबाट जरीबाना, कैद, बिगो वा फैसलाबमोजिमको कुनै सरकारी रकम असूल गर्नु पर्ने व्यक्तिको वतन फरक पर्न गएमा अड्डाले पनि लगतमा सोहीबमोजिम वतन सच्याई दुरुस्त बनाई राख्नुपर्छ । श्री ५ को सरकार वा सीमाना हेरफेर गर्ने निकायले पनि त्यसरी स्थानीय पंचायत वा अञ्चलको सीमाना हेरफेर भएको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।"

(५) ४२ नम्बरको दफा १ को शुरूमा रहेको "यो ऐन प्रारम्भ भएपछि फैसला भएकोमा आखिरी टुंगो लागी फैसला भएको मितिले दुई वर्षभित्र र सोभन्दा अधिकोमा" भन्ने शब्दहरूको सट्टा "बिगो भरी पाउने गरी" भन्ने शब्दहरू राखिएका छन् ।

(६) ४३ नम्बरको दफा १ पछि देहायको दफा १क. थपिएको छ:–

"आखिरी टुंगो लागि फैसला भै हक बेहक छुटिइ-एकाको हक कायम भएको सम्पत्तिमा सो व्यक्तिले चलन चलाई पाउँ भनी फैसला भएको मितिले दुई वर्षभित्र दरखास्त दिएमा अड्डाले चलन-चलाई दिनु पर्छ । चलन चलाई पाउँ भनी छुट्टै नालिश गर्नु पर्दैन । सोबमोजिम



४२५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अड्डाले चलन चलाई दिंदा कानूनबमोजिम लाग्ने कोर्टफी र बिगोको अढाई प्रतिशत दस्तूर र बिगो नखुलेकोमा पंचकृति मोलबमोजिमको बिगो कायम गरी सो बिगोको अढाई प्रतिशत दस्तूर सूचना पाएको मितिले पैंतीस दिन-भित्र दाखिल गर्न ल्याउनु भनी अड्डाले सो चलन चलाई पाउँ भन्ने व्यक्तिलाई सूचना दिनु पर्छ । सो दुई वर्षको म्याद वा पैंतीस दिनको म्याद नाघेकोमा सो दस्तूरको डेढी दस्तूर सहित सो म्याद नाघेको मितिले एक वर्षभित्र दरखास्त दिए चलन चलाई दिनु पर्छ । सो म्याद नाघेपछि अड्डाबाट चलन चलाई दिनु पर्दैन — — — — १क"

(७) ४३ नम्बरको दफा २ को शुरूमा रहेको "देहाय दफा १" भन्ने शब्दहरूपछि "र १क." भन्ने शब्दहरू थपिएका छन् ।

(८) ४३ नम्बरको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"एक पटक चलन चलाई दिएकोमा चलन नछाडी खिचोला गरेमा खिचोला गरेको पटकै पिच्छे एक हजार रूपैयाँसम्म जरीबाना वा एक महीनासम्म कैद गरी अघि चलन चलाई दिएको सम्पत्तिमा फैसलाबमोजिम फेरि चलन चलाई दिनु पर्छ । सोबमोजिम चलन पाउन फेरि नालिश गरी रहनु पर्दैन । दरखास्तबाटै चलन चलाई दिनु पर्छ र त्यस्तोमा चलन चलाई दिए बापत दस्तूर बुझाई रहनु पर्दैन — — — — — — ५"

(९) ४८ नम्बरको सट्टा देहायको ४८ नम्बर राखिएको छः–

"४८ नं. ।। ।। फैसलाबमोजिम अड्डाबाट गर्न पर्ने काम गर्न गराउनलाई दरखास्त दिई तारिखमा बसेको मानिसले तारिख गुजारे पनि कारबाई डिसमिस गर्न हुँदैन । फैसलाबमोजिम गराई माग्नेले अवस्थानुसार अदालती बन्दोबस्तको ५६, ६२ वा १७५ नम्बरबमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सकार गर्ने वा थमाउन पाउँछन् । सोबमोजिम थमाउने वा सकार गर्ने म्याद नाघे पछि पनि सो म्याद नाघेको मितिले छ महीनाभित्र रीतपूर्वकको दरखास्त दिई कारबाई चलाई माग्न आएमा कानूनबमोजिमको दस्तूर र त्यसको सयकडा १० जरीबाना असूल गरी कारबाई गर्नुपर्छ । सो म्यादभित्र पनि दरखास्त दिन नआएमा त्यस्तो व्यक्तिको शुरू दरखास्त तामेलीमा राखिनेछ ।"

(१०) ५१ नम्बरको सट्टा देहायको ५१ नम्बर राखिएको छः–

"५१ नं. ।। ।। फैसलाले फिर्ता पाउने भएको दण्ड, धरौटी, रोक्का रहेको सर्वस्व जायजात, कुनै सम्पत्ति वा सो लिलाम बिक्री भै रहेको नगद फिर्ता लिन फैसला अन्तिम भएको थाहा भएको एक वर्षभित्र त्यस्तो फिर्ता पाउन सक्ने व्यक्ति आएन भने फिर्ता पाउँदैन । धरौटी रहेको रकम भए त्यस्तो रकम सरकारी आम्दानी बाध्नु पर्छ ।"

(११) ५३ नम्बरको सट्टा देहायको ५३ नम्बर राखिएको छः–

"५३ नं. ।। ।। सरकारी बिगो जरीबाना समेत कुनै सरकारी रकम बापत कैद ठेक्नु पर्दा एक दिनको पच्चीस रूपैयाँको दरले कैद ठेक्नुपर्छ ।"

(१२) ५३ नम्बर पछि देहायको ५३ क. नम्बर थपिएको छः–

"५३ क. नं. ।। ।। यसै महलको ५३ नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि कानूनले अवस्था हेरी घटी वा बढी सजाय गर्ने तजविजी अधिकार दिएकोमा फैसलाबाट जरीवानाको सजाय हुने भएमा सो जरीवाना नतिरेमा सो बापत कति कैद बस्नु पर्ने हो भन्ने कुरा पनि सोही फैसलामा तोक्नु पर्छ तर यस्तो कैद तोकदा यसै



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महलको ५३ नम्बरबमोजिम रूपैयाँलाई कैदमा परिणत गर्दा हुने अवधि वा यसै महलको ३८ नम्बरबमोजिम हुन सक्ने कैद भन्दा बढी हुने गरी तोक्न हुँदैन ।"

(१३) ५४ नम्बरमा रहेको "ऐनबमोजिम दशौंद लिई" भन्ने शब्दहरू झिकिएका छन् ।

४. मूल ऐन गरीब कंगालको महलमा संशोधनः मूल ऐन गरीब कंगालको महलको १ नम्बरमा रहेको "अठार वर्ष" भन्ने शब्दहरूको सट्टा "सोह्र वर्ष" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल ऐन लोग्ने स्वास्नीको महलमा संशोधनः मूल ऐन लोग्ने स्वास्नीको महलको,–

(१) ३ नम्बरको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"आमाले पाल्दा बाबुले आफ्नो इज्जत आमदअनुसार नाबालकलाई खान, लाउन, शिक्षा र औषधि उपचार समेतको मनासिब खर्च दिनुपर्छ । आमाले नपाली बाबुले त्यस्तो नाबालक पालेको रहेछ र बाबु भन्दा आमाको आयस्ता बढी रहेछ भने अड्डाले अवस्था विचार गरी आदेशद्वारा तोकीदिएबमोजिम त्यस्तो स्वास्नीमानिसले पनि नाबालकको खान, लाउन, शिक्षा र औषधि उपचारको खर्च ब्यहोर्नु पर्दछ – – – – ५"

(२) ५ नम्बर पछि देहायको ५क. नम्बर थपिएको छः–

"५क. नं. ।। ।। कसैसंग आफ्नो नाता सम्बन्ध कायम गराई माग्न नालिश गर्न हुन्छ । नाबालक भए अरु हकवालाले समेत त्यस्तो नाबालकको नाता सम्बन्ध कायम गराई माग्न नालिश गर्न हुन्छ ।"

६. मूल ऐन अंशवण्डाको महलमा संशोधनः मूल ऐन अंशवण्डाको महलको १०ख. नम्बरपछि देहायको १०ग. नम्बर थपिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छः–

"२ नं ।। ।। आफ्नो जिम्माको सरकारी वा श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको वा कुनै बैंकको नगदी जिन्सी कानूनबमोजिम बाहेक वा रीतपूर्वकको आदेश निकासा बेगर लिन, दिन, दिलाउन वा सो गर्ने प्रयत्न गर्न गराउन हुंदैन ।"

(२) ३ नम्बर पछि देहायका ३क. र ३ख. नम्बरहरू थपिएका छन्:–

"३क. नं ।। ।। श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको वा कुनै बैंकको नगदी जिन्सी मसौट गरे वा गर्ने प्रयत्न गरेमा बिगो भराउन पर्नेमा बिगो भराई बिगोबमोजिम जरीबाना वा तीन वर्षसम्म कैद वा दुबै सजाय र बिगो भराउन नपर्नेमा पाँच हजार रूपैयाँसम्म जरीबाना वा तीन वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

३ख. नं ।। ।। श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको वा कुनै बैंकको बिगो मसौट गरेमा बिगो मसौट गर्नेको अंश हकको सम्पत्तिबाट भराई दिइनेछ । उपर हुन नसकेको बिगो बापत कैद गरी पाउँ भनी सम्बन्धित संस्था वा बैंकको निवेदन परेमा प्रतिमहीना पाँचसय रूपैयाँका दरले कट्टी हुने गरी जतिसुकै बिगोउपर नभएको भए पनि बढीमा चार वर्षसम्म कैद गरी दिनु पर्छ ।"

(३) ६ नम्बरको शुरूमा रहेको "सरकारी" भन्ने शब्दको सट्टा "यसै महलको २ नं., ३क. नं. र ३ख. नं. मा लेखिएदेखि" भन्ने शब्दहरू राखिएका छन् ।

(४) १० नम्बरको सट्टा देहायको १० नम्बर राखिएको छः–



439 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१० नं. ।। ।। यसै महलको ९ नम्बरबमोजिम भराउनु पर्ने बिगो नपुग भै कैद गराउनु पर्दा एक दिनको पच्चीस रूपैयाँको दरले बढीमा एक वर्ष कैद गराउन पाउनेछ ।"

१०. मूल ऐन किर्ते कागजको महलमा संशोधन: मूल ऐन किर्ते कागजको महलको ३ नम्बरको सट्टा देहायको ३ नम्बर राखिएको छ:–

"३ नं ।। ।। लेखिएबाहेक अर्काको हक मेट्ने, हदम्याद तारिख जाने वा कुनै तरहसंग नोक्सान पार्ने इत्यादि जुनसुकै मतलबले होस् नगरे नभएको झुठ्ठा कुरा गरे भएको हो भनी वा मिति अंक वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागज बनाए वा बनाउन लगाएमा समेत जालसाजी गरेको ठहर्छ ।"

११. मूल ऐन ठगीको महलमा संशोधन: मूल ऐन ठगीको महलको,–

(१) १ नम्बरको सट्टा देहायको १ नम्बर राखिएको छ:–

"१ नं. ।। ।। कसैले आफ्नो हक नपुग्ने अर्काको हकको चल-अचल धनमाल हक पुग्नेलाई वा जसका जिम्मामा रहेको छ उसलाई ललाई-फकाई वा जाल परिपंच गरी वा आफ्नो हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने किर्ते कागज बनाई, दिई वा पेश गरी वा आफूसंग नभएको कुरा आफूसंग छ भनी झुक्याई वा झुठो कुरालाई सद्दे हो भनी झुक्याई वा अरू जुनसुकै व्यहोरासंग धोका दिई गफलतमा पारो आफ्नो हक नपुग्ने अर्काको हकको चल-अचल धनमाल लिए दिए दिलाएमा वा अर्काको माल मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सोही माल लिए दिए बिक्री व्यवहार गरेमा वा सट्टापट्टा गरी लिएमा ठगी गरेको ठहर्छ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) ४ नम्बरको सट्टा देहायको ४ नम्बर राखिएको छः–

"४ नं. ।। ।। ठगी गर्नेलाई ठगी लिएको बिगो कायम भएमा हक पुग्नेलाई बिगो भराई बिगोबमोजिम र बिगो कायम नभएमा पाँच हजार रूपैयाँसम्म जरीबाना र पाँच वर्षसम्म कैद हुनेछ ।"

(३) ८ नम्बरको सट्टा देहायको ८ नम्बर राखिएको छः–

"८ नं. ।। ।। यस महलमा लेखिएको कुरामा श्री ५ को सरकार बादी हुनेमा श्री ५ को सरकारलाई सो कुरा थाहा भएको मितिले एक वर्षभित्र र अरु अवस्थामा सो कुरा गरे भएको मितिले दुई वर्षभित्र नालिश नदिए लाग्न सक्तैन ।"

१२. मूल ऐन चोरीको महलमा संशोधनः मूल ऐन चोरीको महलको,–

(१) १० नम्बरको दफा ३ मा रहेको "सो बिगो एकसय रूपैयाँसम्म नपुगेकोमा दुई महीनासम्म, एक सय रूपैयाँभन्दा माथि पाँच सय रूपैयाँसम्म नपुगेकोमा छ महीनासम्म, पाँचसय रूपैयाँभन्दा माथि एक हजार रूपैयाँसम्म नपुगेकोमा एक वर्ष र सो भन्दा माथि जतिसुकै नपुगेको भए पनि" भन्ने शब्दहरूको सट्टा "एक दिनको पच्चीस रूपैयाँको दरले बढीमा" भन्ने शब्दहरू राखिएका छन् ।

(२) २८ नम्बर खारेज गरिएको छ ।

१३. मूल ऐन खोटा चलनको महलमा संशोधनः मूल ऐन खोटा चलनको महलको,–

(१) ८ नम्बरको सट्टा देहायको ८ नम्बर राखिएको छः–

"८ नं. ।। ।। विदेशी सरकारको मुद्रा वा मुद्रा सरह चलनमा आउन सक्ने चेक इत्यादि नेपालभित्र वसी टक मारे बनाएकोमा वा विदेशमा टक मारे बनाएको खोटा मुद्रा वा मुद्रा सरह चलनमा आउन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सक्ने चेक इत्यादि नेपालभित्र ल्याएको वा चलन गरेको वा सो कामहरू गर्ने उद्योग गर्ने वा त्यस्तो गर्ने मतलबमा पस्ने व्यक्ति प्रत्येकलाई सो मुद्रामा लेखिएको बिगोबमोजिम जरीबाना गरी पाँच वर्षसम्म कैद गर्नु पर्छ र त्यस्तो खोटा मुद्रा जफत गरी रद्द गर्नुपर्छ। खोटो भन्ने नजानी लिनेलाई केही गर्नु पर्दैन।"

(२) ८ नम्बर पछि देहायको ८क. नम्बर थपिएको छः–

"८क. नं. ॥ ॥ रद्द गरिसकेको चेक इत्यादि सो कुरा दबाई छुक्याई चलन गर्ने वा चलन गर्ने प्रयत्न गर्नेलाई चेक जफत गरी ८ नं. मा लेखिएका सजायको आधासम्म सजाय गर्नुपर्छ।"

१४. <u>मूल ऐन कुटपीटको महलमा संशोधनः</u> मूल ऐन कुटपीटको महलको,–

(१) ३ नम्बरको,–

(क) दफा १ मा रहेको "एक सय रूपैयाँको" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँको" भन्ने शब्दहरू, "बीस रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "एक सय रूपैयाँ" भन्ने शब्दहरू, "पचास रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "दुई सय पचास रूपैयाँसम्म" भन्ने शब्दहरू र "दश रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "पचास रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(ख) दफा २ मा रहेको "दुई सय रूपैयाँको" भन्ने शब्दहरूको सट्टा "दुई हजार रूपैयाँको" भन्ने शब्दहरू, "एक सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पाँचसय रूपैयाँ" भन्ने शब्दहरू, "एक सय रूपैयाँ-सम्म" भन्ने शब्दहरूको सट्टा "पाँच सय रूपैयाँसम्म" भन्ने शब्दहरू र "पचास रूपैयाँसम्म" भन्ने शब्द-



634

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरूको सट्टा "दुई सय पचास रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

(२) ६ नम्बरमा रहेको "एक हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "दश हजार रूपैयाँ" भन्ने शब्दहरू, "पाँच सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पाँच हजार रूपैयाँ" भन्ने शब्दहरू र "एक हजार रूपैयाँको एक वर्ष कैद गर्ने हद कायम गरी सोही दामासाहीले" भन्ने शब्दहरूको सट्टा "एक दिनको पच्चीस रूपैयाँका दरले" भन्ने शब्दहरू राखिएका छन् ।

(३) ७ नम्बरमा रहेको "दुई सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "दुई हजार रूपैयाँ" र "पाँच सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पाँच हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(४) ८ नम्बरमा रहेको "पाँच सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पाँच हजार रूपैयाँ" भन्ने शब्दहरू र "तीन सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "तीन हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(५) ९ नम्बरमा रहेको "एक सय रूपैयाँको" भन्ने शब्दहरूको सट्टा "पाँच सय रूपैयाँको" भन्ने शब्दहरू र "पचास रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पाँच सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(६) १० नम्बरमा रहेको "एक सय रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "पाँच सय रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

(७) ११ नम्बरमा रहेको "तीस रूपैयाँको दरले तीन सय साठी रूपैयाँ नपुगेसम्म" भन्ने शब्दहरूको सट्टा "एक सय रूपैयाँको दरले बाह्र सय रूपैयाँ नपुगेसम्म" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) १२ नम्बरमा रहेको "साठी रूपैयाँको दरले" भन्ने शब्दहरूको सट्टा "तीन सय रूपैयाँको दरले" भन्ने शब्दहरू राखिएका छन् ।

(९) १३ नम्बरमा रहेको "पचास रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "दुई सय पचास रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

(१०) १४ नम्बरमा रहेको "पचास रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पाँच सय रूपैयाँ" भन्ने शब्दहरू, "एक सय" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँ" भन्ने शब्दहरू, "दुई सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "दुई हजार रूपैयाँ" भन्ने शब्दहरू, "चार सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "चार हजार रूपैयाँ" भन्ने शब्दहरू, "आठ सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "आठ हजार रूपैयाँ" भन्ने शब्दहरू र "एक सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(११) १८ नम्बरको दफा १ मा रहेको "बीस रूपैया" भन्ने शब्दहरूको सट्टा "एक सय रूपैयाँ" भन्ने शब्दहरू, "चालीस रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "दुई सय रूपैयाँ" भन्ने शब्दहरू, "साठी रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "तीन सय रूपैयाँ" भन्ने शब्दहरू, "अस्सी रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "चार सय रूपैयाँ" भन्ने शब्दहरू र "एक सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पाँच सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(१२) २२ नम्बरमा रहेको "पचास रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "दुई सय पचास रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।



४३५ ५८४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।